# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission, Nepal**
केन्द्रिय कार्यालय Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

## प्रेस-विज्ञप्ति

१६ जेठ २०७७

### बालबालिकाको बाँच्न पाउने हक सुनिश्चित गर ।

### जातीय विभेदका श्रृङ्खलावद्ध घटनाका दोषीहरुलाई कानुनी दायरामा ल्याऊ ।

रुपन्देही जिल्ला देवदह नगरपालिका-११ की १३ वर्षीय बालिकामाथि गत जेठ ९ र १० गते भएको भनिएको बलात्कारको घटना र उनको शङ्कास्पद मृत्युप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । उक्त घटनापश्चात् दोषीलाई कानुनी कारवाही प्रक्रियामा लैजानुको सट्टा स्थानीय प्रतिनिधि समेतको रोहवरमा बलात्कारका आरोपित व्यक्तिलाई नै बालिका जिम्मा लगाएपछि अन्तरजातीय भन्दै बालिकालाई घर भित्रिन नदिएपश्चात् भएको निज बालिका अंगिरा पासीको शङ्कास्पद मृत्युको सम्बन्धमा आयोगको प्रदेश कार्यालय, बुटवलले स्थलगत अनुगमन गरेको छ ।

समाजमा श्रृंखलावद्ध रुपमा भैइरहेका यसप्रकारका घटना बाल अधिकार, जातीय विभेद विरुद्धको अधिकार र सम्मानपूर्वक बाँच्न पाउने अधिकारको संरक्षण गर्ने गरी व्यवस्था गरिएको नेपालको संविधानको धारा ३९ बमोजिमको बालबालिकाको हक, धारा २४ बमोजिमको छुवाछूत तथा भेदभाव विरुद्धको हक, धारा १८ बमोजिमको समानताको हक, धारा १६ बमोजिमको सम्मानपूर्वक बाँच्न पाउने हक, बालबालिका सम्बन्धी ऐन २०७५, जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव (कसुर र सजाय) ऐन २०६८, नेपाल पक्ष भएका बालअधिकार सम्बन्धी महासन्धि १९८९, सबै किसिमका जातीय भेदभाव उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५ तथा महिलामाथि हुने सबै प्रकारका भेदभाव विरुद्धको महासन्धि १९७९ विपरीत भएकोले बलात्कारका आरोपितकासाथ लगाई बालिकालाई आरोपितको घर पठाउनेहरुउपर समेत निष्पक्ष अनुसन्धान गरी घटनामा संलग्न दोषीहरुलाई कानुनी दायरामा ल्याई कारवाही गर्न आयोग नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

देशका विभिन्न भागमा विगत केही समययता श्रृङ्खलावद्ध रुपमा हुने गरेका बलात्कार, हत्या र जातीय विभेदका घटनाहरुप्रति शून्य सहनशीलता कायम गरी यस्ता घटनाहरुको शीघ्र र निष्पक्ष अनुसन्धान गरी दोषीहरुलाई कानुनी दायरामा ल्याउन आयोग नेपाल सरकारको पुनः ध्यानाकर्षण गराउँदछ ।

वेद भट्टराई
सचिव/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org